# ७५ वर्ष भन्दा बढी उमेरका विदेशीको लागि कोरोना १९ खोप सम्बन्धी सूचना

☐ **खोप लक्ष्य** : कोरियामा दिर्घकालिन बसाई (९० दिनभन्दा बढी) भएका ७५ वर्ष भन्दा माथिका (१९४६ साल १२ महिना ३१ तारिक भन्दा अगाडि जन्मेका) विदेशी

☐ **खोप प्रकार** : Comirnaty (Pfizer/BioNTech) COVID-19 vaccine

※ २१ दिनको अन्तरालमा २ पटक खोपहरू दिइने

☐ **खोप लगाउने स्थान** : हरेक स्थानीय सरकारद्वारा (सी गुन गु) कोरोना १९ खोप केन्द्रहरू

※ प्रत्येक क्षेत्रमा अभियानको सुरुआतको समय फरक हुने भएकोले खोपका लागि आवेदन दिंदा हामी तपाईंलाई छुट्टै जानकारी गराउँदछौं

☐ **खोप प्रक्रिया**

① **खोपको लागि आवेदन (अप्रिल-जुन)** : उब म्यन दोङ सामुदायिक केन्द्र (जुमिन सेन्टर) मा खोपको सहमति फाराम बुझाउनुहोस् (स्वयं उपस्थित भएर पेश गर्नु पर्ने नियम रहेको छ)

※ विदेशी नम्बर नभएका दिर्घकालिन बासिन्दा र विदेशी दर्ता कार्ड छुट भएका (अध्यागमन नियन्त्रण ऐनको धारा ३१ को १) हरू स्वास्थ्य चौकीबाट अस्थायी व्यवस्थापन नम्बर जारी गरिएको (पासपोर्ट इत्यादि परिचय पत्र) पाए पछि उबम्यन दोङको (जु मिन सेन्टर) सामुदायिक केन्द्रमा खोपका लागि आवेदन दिन सकिन्छ ।

② **खोप मितिको पुष्टि** : उब म्यन दोङ सामुदायिक केन्द्र (जुमिन सेन्टर) ले फोन सम्पर्क, म्यासेज इत्यादिद्वारा व्यक्तिगत जानकारी

③ **खोप लागू अवधि** : जानकारी प्राप्त गरेको दिनमा खोप केन्द्रमा गएर पहिलो चरणको खोप लगाएर, २१ दिन पछि फेरि गएर दोस्रो चरणको खोप लगाउने

※ जाँदाखेरि परिचय पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ

④ **खोप पछि व्यवस्थापन** : खोप लगाएपछि कम्तिमा ३ दिनसम्म स्वास्थ्य स्थिति ध्यानपूर्वक रेखदेख गर्नुहोस् ।

※ उच्च ज्वरो तथा शरीर दुखाई ३ दिनभन्दा बढी भएको खण्डमा उपचार केन्द्रमा गएर उपचार गराउने, गम्भीर एलर्जी देखापरेमा तुरुन्तै एमरजेन्सीमा जाने

☐ **सोधपुछ**

○ रोग नियन्त्रण र रोकथाम केन्द्र ☏१३३९ (विदेशी भाषा निर्देशन)

○ आफ्नो निवास स्थानमा भएको उब म्यन दोङ सामुदायिक सेवा केन्द्र (जुमिन सेन्टर)

**<यो अनुवाद दानूरी कल सेन्टर १५७७-१३६६ बाट गरिएको हो>**